**सम्वत् २०७८ साल कार्तिक २५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को चौबीसौं बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
| --- | --- |
| १. | बागमती प्रदेश भित्रका सबै स्थानीय तहमा बेमौसमी वर्षाको कारण कृषिमा परेको प्रभावको क्षतिपूर्तिको लागि गहुँको बीउ एवम् मलमा कृषकलाई अनुदान उपलब्ध गराउन आवश्यक गृहकार्य गरी नियम अनुसार कार्यविधि सहितको प्रस्ताव पेश गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने। । |
| २. | बागमती प्रदेश भित्रका सबै स्थानीय तहमा रहेका सामुदायिक शिक्षण संस्थामा माध्यामिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण गरी सामुदायिक शिक्षण संस्थामा अध्ययन गर्दै गरेका छात्रालाई प्रदेशमा आवश्यक पर्ने प्राविधिक विषय अध्ययन गर्न प्रोत्साहन स्वरूप निश्चित रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक गृहकार्य गरी नियम अनुसार कार्यविधि सहितको प्रस्ताव पेश गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने। । |

**सम्वत् २०७८ साल कार्तिक ११ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को तेइसौं बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश भित्रका सबै स्थानीय तहमा रहेका दलित, अल्पसंख्यक र लोपोन्मुख समुदायका माध्यामिक शिक्षा परीक्षा (एस्.इ.इ.) उत्तीर्ण गरेका बालबालिकाहरू मध्ये प्रत्येक स्थानीय तहबाट एक जनालाई योग्यता प्रणालीका आधारमा प्राविधिक विषयमा उच्च माध्यामिक शिक्षा (दश जोड दुई वा सो सरह) अध्ययन गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक गृहकार्य गरी प्रस्ताव पेश गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने। |

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल कार्तिक १० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बाइसौं बैठकले गरेको निर्णय–**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (शिक्षा तर्फ) स्वीकृत गर्ने। |
| ३. | स्वास्थ्य मन्त्रालय | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। । |
| ४. | स्वास्थ्य मन्त्रालय | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ५. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | बीउ विजन प्रयोगशाला, हेटौंडालाई प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र तोक्ने |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।